# प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

<u>**प्रस्तावना:**</u> प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस ऐनको नाम "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को प्रस्तावनामा संशोधन:**</u> प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनाको "पूर्वको तयारी, पीडितको" भन्ने शब्दहरूको सट्टा "पूर्व तयारी, पीडितको खोज तथा" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>**मूल ऐनको दफा २ मा संशोधन:**</u> मूल ऐनको दफा २ को,-

(१) खण्ड (ग) मा रहेको "डढेलो" भन्ने शब्द झिकी "विपद्बाट" भन्ने शब्दको सट्टा "प्रकोपबाट" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "परिषद्" भन्नाले दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।"

(३) खण्ड (छ) मा रहेको "हिमपात" भन्ने शब्दको सट्टा "अत्याधिक हिमपात" भन्ने शब्दहरू र "विपद्बाट" भन्ने शब्दको सट्टा "प्रकोपबाट" भन्ने शब्द राखिएको छ।

(४) खण्ड (ज) मा रहेका "मा व्यवस्था भएको प्राधिकरणलाई" भन्ने शब्दहरूको सट्टा "बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण" भन्ने शब्दहरू राखिएका छन्।

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।"

(६) खण्ड (ध), (न) र (फ) झिकिएका छन्।

(७) खण्ड (भ) मा रहेका "तथा प्रदेश प्रहरी" भन्ने शब्दहरूको सट्टा ",प्रदेश प्रहरी तथा नगर प्रहरी समेत" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>मूल ऐनको दफा ३ मा संशोधन:</u> मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. <u>परिषद्को गठन</u> : (१) प्रदेश विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तयार गर्ने, नीतिगत मार्गदर्शन गर्ने र विपद् सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन, व्यस्थापन, नियमन,समन्वय र अनुगमन गर्न देहाय बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ :-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, मन्त्रालय - उपाध्यक्ष

(ग) मन्त्री, आर्थिक मामिला - सदस्य

(घ) मन्त्री, भौतिक पूर्वाधार विकास - सदस्य

(ङ) मन्त्री, भूमि व्यवस्था,कृषि तथा सहकारी - सदस्य

(च) मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण - सदस्य

(छ) मन्त्री, सामाजिक विकास - सदस्य

(ज) प्रदेश सभाको विपक्षी दलको नेता - सदस्य

(झ) विपद् हेर्ने प्रदेश सभा समितिका सभापतिले मनोनयन गरेका एक जना महिला सहित तीन जना प्रदेश सभा सदस्य - सदस्य

(ञ) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(ट) विपद्का क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट परिषद्ले मनोनयन गरेको एकजना महिलासहित दुईजना - सदस्य

(ठ) सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ट) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।"

**५. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को ठाउँ ठाउँमा रहेका "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ ।

**६. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) मा रहेको "समिति" भन्ने शब्दको सट्टा "कार्यकारी समिति" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "आन्तरिक मामिला तथा कानून" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (ग) र (ठ) मा रहेका "आन्तरिक मामिला तथा कानून" र खण्ड (घ) मा रहेका "तथा योजना" भन्ने शब्दहरू झिकिएका छन्।

**७. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को ठाउँठाउँमा रहेका "प्रदेश विपद् व्यवस्थापन" भन्ने शब्दहरू झिकिएका छन्।

**८. <u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) को खण्ड (घ) मा रहेको "सभासद" भन्ने शब्दको सट्टा "प्रदेश सभा सदस्य, जनप्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) र (५) को सट्टा देहायको उपदफा (४) र (५) राखिएका छन्:-

"(४) कार्यकारी समितिले विपद् सम्बन्धी राहत वितरणको कार्य जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउनु पर्नेछ।

(५) उपदफा (४) को प्रयोजनका लागि कोषबाट आवश्यक रकम जिल्ला विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउनु पर्नेछ।"

(३) दफा १० को ठाउँ ठाउँमा रहेका "प्रदेश विपद् व्यवस्थापन कोष" भन्ने शब्दहरूको सट्टा "कोष" भन्ने शब्द राखिएको छ।

९. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>**मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) विपद्बाट प्रभावित भएको वा प्रभावित हुन सक्ने पीडितको खोज, उद्धार र व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने,"

(२) उपदफा (२) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

"(२) विपद्पछि तत्काल खोज, उद्धार तथा राहत वितरण कार्य सञ्चालन गर्न आवश्यक भएमा कार्यकारी समितिले बढीमा पच्चीस लाख रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम खर्च भएको रकम कार्यकारी समितिले परिषद्बाट अनुमोदन गराउनु पर्नेछ।"

१०. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कार्यकारी समितिले कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको "क" वर्गको बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।"

११. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-

"(१) कोषको रकम दफा ११ को प्रयोजनमा खर्च गर्नका लागि प्रचलित कानुनको अधीनमा रही कार्यकारी समितिले परिषद्मा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएपछि परिषद्ले विपद्को सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी कोषको रकम खर्च गर्न निर्णय गर्न सक्नेछ।"

१२. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेको "समिति" भन्ने शब्दको सट्टा "कार्यकारी समिति" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को ठाउँठाउँमा रहेको "उपधारा" भन्ने शब्दको सट्टा "उपदफा" भन्ने शब्द राखिएको छ।

१४. **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** मूल ऐनको दफा २६ को,-

(१) उपदफा (२) मा रहेको "उपधारा" भन्ने शब्दको सट्टा "उपदफा" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) र (४) राखिएका छन्:-

"(३) प्रदेश सरकारले प्रदेशभित्रका प्राकृतिक जोखिमका क्षेत्र निर्धारण गरी सो स्थानमा भएका मानवबस्तीको स्थानान्तरण गर्न र भौतिक संरचना निर्माणका गतिविधिलाई निरुत्साहित गर्न सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(४) नदीको बहाव क्षेत्र निर्धारण गरी बाढीबाट हुने जोखिम वा क्षतिलाई न्यूनीकरण गर्नका लागि भौतिक संरचना निर्माण गर्ने निकाय वा संघसंस्थाले सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्नु पर्नेछ।"

**१५. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u>** मूल ऐनको दफा २७ को ठाउँठाउँमा रहेका "प्रदेश विपद् व्यवस्थापन" भन्ने शब्दहरू झिकिएका छन्।

**१६. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** (१) मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेका "(जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल" भन्ने शब्दहरूको सट्टा "(डिग्निटी किट र चिल्ड्रेन किट आदि) र लैङ्गिक तथा अपाङ्गमैत्री सुरक्षित स्थल" भन्ने शब्दहरू राखिएका छन्।

**१७. <u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० मा रहेका "प्रदेश विपद्" भन्ने शब्दहरू झिकिएका छन्।

**१८. <u>मूल ऐनको दफा ३३ मा संशोधनः</u>** मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः-

"**३३. <u>नेपाल सरकारलाई अनुरोध गर्नु पर्नेः</u>** प्रदेश सरकारले प्रदेशमा भएको विपद्को अवस्था तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भई अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ भन्ने लागेमा अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोगको लागि नेपाल सरकारलाई अनुरोध गर्नु पर्नेछ।"

**१९. <u>मूल ऐनको दफा ३४ मा संशोधनः</u>** मूल ऐनको दफा ३४ मा रहेका "प्रदेश विपद् व्यवस्थापन" भन्ने शब्दहरू झिकिएका छन्।

**२०. <u>मूल ऐनको दफा ४० मा संशोधनः</u>** मूल ऐनको दफा ४० मा रहेका "प्रदेश विपद् व्यवस्थापन" भन्ने शब्दहरू झिकिएका छन्।

**२१. <u>मूल ऐनको दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छः-

"**४१. <u>वार्षिक प्रतिवेदनः</u>** (१) स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१) बमोजिम पेसभएको प्रतिवेदन र सोही आर्थिक वर्षमा आफूले गरेको काम समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यकारी समितिसमक्ष पेस गर्नु पर्नेछ।

(३) कार्यकारी समितिले उपदफा (२) बमोजिमको प्रतिवेदन र सोही आर्थिक वर्षमा आफूले गरेको काम समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी प्राधिकरणमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्रदेश सरकारले सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।"

**२२. <u>मूल ऐनको दफा ४२ मा संशोधनः</u>** मूल ऐनको दफा ४२ मा रहेका "प्रदेश विपद् व्यवस्थापन" भन्ने शब्दहरू झिकिएका छन्।